सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैँचा, मोरङ

विषय : आ.व. २०७७/२०७८को अनुमानित आय-व्यय (बजेट) सम्बन्धमा ।

श्रीमान् अध्यक्षज्यू,

क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष तथा पदाधिकारीज्यूहरू,

र बजेट मस्यौदा समितिका सदस्यहरू,

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ ।

उपर्युक्त सम्बन्धमा क्याम्पस सञ्चालक समितिको मिति २०७७ साल असार ०५गतेको बैठकको निर्णयअनुसार क्याम्पस प्रमुखश्री चन्द्रमणि राईको संयोजकत्वमा गठन भएको बजेट मस्यौदा उपसमितिले क्याम्पसमा उपलब्ध हुनसक्नेस्रोत र साधनहरूको पहिचान गरी आर्थिक वर्ष २०७७/२०७८ का लागि अनुमानित आय व्ययको मस्यौदा बजेटतयार गरी पेश गरेको छ ।

प्रस्तुत बजेट तयार गर्नेक्रममा विगत वर्षहरूमा भएका आम्दानी र खर्चका क्षेत्रहरूको मूल्याङ्कन तथा बिश्लेषण गर्दैक्याम्पसको नीति तथा कार्यक्रम अनुसारका आगामी कार्यक्रमहरू तयार पारिएका छन् । क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC)बाट आवधिक समयको लागि गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation-QAA) प्राप्त गरेको एक चक्र पूरा भइसकेको अवस्थामा संस्थाले आवश्यकता अनुसारका भौतिक निर्माणका कार्यहरू गर्दै कार्यसम्पादन क्षमता (Performance), गुणस्तर कायम, क्षमताअभिवृद्धिएवम् सूचना तथा सञ्चार प्रविधिमा पहुँच वृद्धि गर्ने, प्राज्ञिक स्वयत्ततामा जानुपर्ने साथै प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रमहरू थप गर्नुपर्ने आवश्यकता र यसका लागि बिभिन्न सरोकारवालाहरूबाट सुझावहरू प्राप्त भइरहेका छन् । क्याम्पसले QAAप्राप्त गरिसकेपछि उच्च शिक्षा सुधार परियोजना (HERP)अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको अवस्थामाशैक्षिक गुणस्तर, व्यवस्थापकीय क्षमता सुधार, अनुसन्धान क्षमताको अभिवृद्धि, तालिम सेमिनार, सेमिनार कक्ष, सुविधा सम्पन्न गुणस्तरीय आकर्षक कक्षाकोठा निर्माण तथा फर्निचर व्यवस्थापन, शिक्षण सिकाइमा प्रविधिको प्रयोग, पुस्तक तथा पुस्तकालय स्तरिकरण, विद्यार्थी कल्याण, छात्रवृत्ति, विद्यार्थीका लागि यातायातको व्यवस्था, शैक्षणिक क्रियाकलापमा सुधार, वैज्ञानिक तथा शैक्षिक उपकरणको व्यवस्थापन तथा सरोकारवालाहरूको क्याम्पसका कार्यक्रम सम्म पुग्ने पहुँच र प्राध्यापक तथा कर्मचारीको वृत्तिविकासलाई समेत सम्बोधन हुने गरी बजेट तयार गरिएको छ ।

क्याम्पसको नियमित मुख्य आम्दानीको स्रोत बिद्यार्थीबाट प्राप्त हुने शुल्क नै रहेको छ । यसका अतिरिक्त अन्य अनुदान आय , धरौटी आय, र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदान र स्रोत परिचालन अन्तर्गतको DLI_2 साथै प्रदेश सरकार र संघिय सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषबाट तोकिएका योजनामा प्राप्तहुने अपेक्षा गरिएको स्रोतलाईआम्दानीका रूपमा राखिएको छ ।यस बाहेक क्याम्पसको प्रस्तावनाका आधारमा दातृ निकायबाट परियोजनाका लागि प्राप्त हुने अपेक्षा गरिएको आम्दानी समेत समावेश गरिएको छ । यिनै स्रोतबाट प्राप्त हुने अनुमानित रकमलाई आम्दानीका शीर्षकमा राखी बजेटबाँडफाँट गरिएको छ । क्याम्पसको कुल अनुमानित आम्दानीलाई तालिका नं. १ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ भने कुल अनुमानित खर्चलाई तालिका नं. ५ देखि ८ सम्म प्रस्तुत गरिएको छ ।

बजेट मस्यौदा समितिले मस्यौदा तयार गर्दा गरेका निर्णयहरू निर्णय पुस्तिकामा लिपिवद्ध गरिएका छन् । आम्दानीका स्रोतहरू तथा अनुमानित आम्दानीको प्रमाणित विवरणलाईअनुसूची १ देखि ६ सम्ममा प्रस्तुत गरिएका छन् । प्रस्तुत बजेट तयार गर्ने क्रममा सहयोग गर्नुहुने सञ्चालक समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, प्राध्यापक सङ्घ तथा प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बजेटलाई गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ ।

बजेट मस्यौदा उपसमिति २०७७

१. संयोजक- चन्द्रमणि राई   - क्याम्पस प्रमुख -

२. सदस्य - रामप्रसाद गजुरेल - सञ्चालक समिति सदस्य -

३. सदस्य - टीकाप्रसाद कट्टेल -सञ्चालक समिति सदस्य -

४. सदस्य - गणेशप्रसाद दहाल - विज्ञ -

५. सदस्य - ध्रुवप्रसाद नेपाल - प्राध्यापक सङ्घ प्रतिनिधि -

तालिका १: आ.व. २०७७/०७८ को अनुमानित समष्टिगत आय विवरण

सुकुना बहुमुखी क्याम्पस**सुन्दरहरैंचा, मोरङ**

आ.व. २०७७/०७८ को अनुमानित समष्टिगत आय विवरण

सि.नं.	विवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७।२०७८ को अनुमानित	कैफियत
१	विद्यार्थी शुल्क आम्दानी	९५४७३३५०	६६०३३०४०	८९५४९४५०	६२.६२%
२	विश्वविद्यालय अनुदान	१८७६०५४०	१३६९०६७०.६७	८००००००	५.५९%
३	अन्य अनुदान तथा आय	३८३४००००	१२१६४११६.४९	१३०५००००	९.१२%
४	धरौटी आय	८८३६७९०	७८२५५०५	६६६५९२५	४.६७%
५	पेस्की तथा बैङ्क जिम्मेवारी सारेको	२५३६०७२४.१६	१२४२७१०२.११	२५७५०४१७.९३	१८.००%
जम्मा		**१८६७७१४०४.१६**	**११२१४०४३४.२७**	**१४३०१५७९२.९३**	१००%

माथि उल्लेख गरिएअनुसारको आ.व. २०७७/२०७८ को अनुमानित आय व्यय विवरण र त्यसको बजेटको व्याख्या निम्नानुसार गरिएको छ :

क) आम्दानी तर्फको व्याख्या

क्याम्पसको आम्दानीको मुख्य स्रोत विद्यार्थी शुल्क भए तापनि यसका अतिरिक्त धरौटी अम्दानी, विभिन्न शीर्षकमा प्राप्त अनुदान र अन्य आम्दानीसमेत स्रोतका रूपमा रहेका छन् ।

१. विद्यार्थी शुल्क आम्दानी

क्याम्पसको आय स्रोततर्फ विश्लेषण गर्दा आयस्रोतको ठूलो हिस्सा विद्यार्थी शुल्कबाट प्राप्त भएको छ । यस शीर्षकबाट प्राप्त हुने आम्दानीअन्तर्गत प्रवेश शुल्क, शिक्षण शुल्क, पुस्तकालय शुल्क, क्याम्पस विकास आय, खेलकुद शुल्क, विविध शुल्क, आन्तरिक परीक्षा शुल्क, अभ्यास शिक्षण तथा प्राक्टिकम, शोधपत्र शुल्क, प्रयोगशाला शुल्क, कम्प्युटर शिक्षण शुल्क, त्रि. वि. तथा उ. मा. शि. प. परीक्षा विविध, त्रि. वि. तथा उ. मा. शि. प. दर्ता विविध, प्रवेश आवेदन फाराम शुल्क, प्रमाणपत्र तथा सिफारिस शुल्क,अन्य विविध आयलाई समावेश गरिएको छ । यी शीर्षकहरूबाट आ.व.२०७७/२०७८मा रु.**८,९५,४९,४५०।-** प्राप्तहुने अनुमान गरिएको छ । यस शीर्षकबाट कुल आम्दानीको ६२.६२% रहेको छ । समष्टिगत शुल्क विवरण शीर्षकगत रुपमा तालिका नं. २ मा प्रस्तुत गरिएको छ । तहगत र कक्षागत विद्यार्थी शुल्क आम्दानीको विवरणलाई अनुसूची२ पाना १ देखि ९ सम्ममाप्रस्तुत गरिएको छ ।

तालिका २ : आ व २०७७/२०७८ को समष्टिगत अनुमानित शुल्क आम्दानी

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

२०७७/२०७८ को समष्टिगत विद्यार्थी शुल्क आम्दानी विवरण

क्र.सं.	बिवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७।२०७८ को अनुमानित
१	प्रवेश शुल्क	४५७८०००	४०३३५००	४६१२५००
२	शिक्षण शुल्क	७०९५३२००	४७८२०१७०	६६९७१०००
३	पुस्तकालय शुल्क	१७७२५००	१५५६०००	१७४००००
४	क्याम्पस विकास (निर्माण) आय	१५९९३००	१३९०७००	१५६७०००
५	खेलकुद शुल्क	५७३२००	४९८०००	५६१०००
६	विविध शुल्क	१९००३५०	१७९१११५	१८७०७५०
७	आन्तरिक परीक्षा शुल्क	२९३७६००	२५५७६००	२८६८५००
८	अभ्यास शिक्षण /प्राक्टिकम् शुल्क	४६९०००	३८२२००	३७१०००
९	शोधपत्र	९१००००	४३३६००	३५००००
१०	प्रयोगशाला शुल्क	१४४९०००	१३५३०००	१४९५०००
११	प्रयोगात्मक शुल्क	१७१५०००	१४६१९२५	१८०७५००
१२	त्रि.वि./उ.मा.शि.परीक्षा विविध	१८६३२५०	०	१२५७०००
१३	त्रि.वि./उ.मा.शि.नाम दर्ता विविध	२६६०००	०	२४१४००
१४	प्रवेश आवेदन फाराम	११६४०००	१०८०९८०	८६२५००
१५	प्रमाणपत्र/सिफारिस आदि	१२०००००	७१४०५०	१००००००
१६	अनुसन्धान शुल्क	०	०	०
१७	उ मा शि प प्रयोगात्मक विविध	१४५९००		०
१८	सरस्वती पूजा सहयोग	१५३७५०	१३३१००	१५०५००
१९	विद्यार्थी कल्याण शुल्क	९४६८००	८२७१००	९३४०००
२०	अन्य विद्यार्थी आय Non Cedit Course शुल्क र उपचारात्मक कक्षा शुल्क	५०००००	०	५०००००
२१	आइडि कार्ड शुल्क	३७६५००	३१७३००	३८९८००
	जम्मा	**९५४७३३५०**	**६६,०३३,०४०**	**८९५४९४५०**

प्रस्तुत तालिकाअनुसारको विद्यार्थी शुल्कमा कक्षा ११ र १२ को १२ महिनाको शुल्क, स्नातक तहमा यस वर्षको ५ महिनाको र गत वर्षको प्राप्त हुन बाँकी ५ महिनाको शुल्क, स्नातक तह दोस्रो वर्षको १२ महिनाको शुल्क, स्नातक तह तेस्रो वर्षको ३ महिनाको शुल्क र स्नातक तह चौथो वर्षको ५ महिनाको मासिक शुल्क समावेश गरी आम्दानी हुने अनुमान गरिएको छ । यसका साथै प्रवेश शुल्क, पुस्तकालय शुल्क, क्याम्पस बिकास

शुल्क, खेलकुद शुल्क, आन्तरिक तथा प्रयोगात्मक परीक्षा शुल्क, विद्यार्थी कल्याण शुल्क, प्रमाणपत्र/सिफारिस शुल्क जस्ता विद्यार्थीहरूबाट प्राप्त हुने आम्दानीहरू यस शीर्षकमा समावेश गरिएका छन् ।

२. वि.वि. अनुदान आयोगबाट प्राप्त अनुदान तथा अन्य आय

(क) विश्वविद्यालय. अनुदान आयोगबाट प्राप्त हुने अनुमानित अनुदान

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान रु. १७,००,०००/-, तालिम तथा सेमिनार सहयोग रु. ३,००,०००/-,Tracer study reportवापत रु. १०,००,०००/-, कार्यसम्पादन, शैक्षिक कार्यक्रम परिमार्जन, Priority Program वापत र वेवसाइट अध्यावधिकरण वापत रु. ५०,००,०००/-गरी जम्मा रु. ८०,००,००० प्राप्तहुने अनुमान गरिएको छ। यो रकम कुल आयको ५.५९ प्रतिसत रहेको छ। यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ को क्रमसङ्ख्या १ मा उल्लेख गरिएको छ।

(ख) अन्य क्षेत्रबाट प्राप्तहुने अनुमानित आय

अन्य अनुदान तथा आय शीर्षकअन्तर्गत सुन्दरहरैंचा नगरपालिका, प्रदेश सरकार रनिर्वाचन क्षेत्र पूर्वाधार विकास कोषबाट प्राप्तहुने,जर्नल बिक्री, क्यान्टिन भाडा, बैङ्क ब्याज, चन्दा सहयोग प्राप्तहुने अनुमानित रकम समावेश गरिएको छ । यसरी विश्वविद्यालय अनुदान आयोगबाहेक अन्य अनुदान तथा आयबाट यस वर्ष रु. १,३०,५०,०००/- आम्दानी हुने अनुमान गरिएको छ । यो अनुमान कुल आम्दानीको ९.१२%हुनेछ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ को क्रमसंङ्ख्या २ मा उल्लेख गरिएको छ।

(ग) अघिल्लो वर्षको जिम्मेवारी र पाउनु पर्ने

यस उप शीर्षक अन्तर्गत गत आ. व. २०७६/०७७ को बैङ्क मौज्दात रु. १,४६,९४,७८०/९३, सानो नगदी कोष रु. २५,०००।-, पेश्की जिम्मेवारी रकम रु. ४०,३०,६३७/- र आ. व. २०७६/०७७ मा विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन DLI_2 अन्तर्गत काम सम्पन्न भइ शोधभर्नाका लागि आयोगमा पेश भइसकेको हुँदा पाउनु पर्ने रकम रु. ७०,००,०००/- गरी जम्मा रु. २,५७,५०,४१७/९३ प्राप्तहुने अनुमान गरिएको छ। उक्त रकम कुल अनुमानित आम्दानीको १८%रहने छ। यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ क्रमसंङ्ख्या ३ मा उल्लेख गरिएको छ।

तालिका ३ : आव २०७७/२०७८ को समष्टिगत अनुमानित अनुदान तथा अन्य आम्दानी

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

२०७७/२०७८ को समष्टिगत अन्य आम्दानी विवरण

क्र.सं.	विवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७।२०७८ को अनुमानित
१	**वि. वि. अनुदान आयोग**	**१८७६०५४०**	**१३६९०६७०.७**	**८००००००**
	क. नियमित अनुदान	१८०००००	१६६६८५०	१७०००००
	ख. तालिम सेमिनार	३०००००	०	३०००००
	ख. कार्य सम्पादन अनुदान	२५०००००	५४९५०००	५००००००
	ग. स्रोत परिचालन अनुदान	१०७७०५४०	५४३८८२०.६७	०
	घ. Graduate List र Tracer Report बाट	१००००००	१०९००००	१००००००
	ङ. HERP कार्यक्रमबाट प्राप्त हुने	२३९००००	०	०
२	**अन्य अनुदान तथा आय**	**३८३४००००**	**१२१६४११६.५**	**१३०५००००**
	नगरपालिका	३४०००००	३२१५७३५	३४०००००
	प्रदेश सरकारबाट	१०००००००	३१०००००	३००००००
	निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष	२००००००	०	३५०००००
	अन्य अनुदान	३०००००	२००५५	०
	सहकारी संस्थाबाट सभाहल निर्माणार्थ	१४०००००	०	०
	छात्रवृत्तिका लागि दाताबाट/सामुदायिक बन	६०००००	०	०
	दातृ निकाय बाट(बस खरिदका लागि) दुतावास	१५००००००	०	०
	अभ्यास शिक्षण पुस्तिका बिक्री आय	६००००	०	०
	क्यान्टिन भाडा	६००००	३१४००	५००००
	सामग्रि बिक्री आय	२००००	०	०
	जर्नल बिक्री आय	१०००००	०	१०००००
	बैङ्क व्याज आय(अक्षयकोष ब्याज समेत)	४४०००००	४६५०९१२.७४	३००००००
	चन्दा सहयोग/ अनुदान	५०००००	८४२०००	०
	अन्य आय (ल्यापटप)	५०००००	३०४०१३.७५	०
३	**अघिल्लो वर्षको जिम्मेवारी सारेको**	**२५३६०७२४.१६**	**१२४२७१०२.११**	**२५७५०४१७.९३**
	क. बैङ्क जिम्मेवारी	१५५६७५७८.२	७४१०८४३.११	१४६९४७८०.९३
	ख. नगद			
	ग. सानो नगदी कोष		२५०००	२५०००
	घ. पेस्की जिम्मेवारी	४४०८६९५	४९९१२५९	४०३०६३७
	ङ. पाउनुपर्ने विवि अनुदान आयोग	५३८४४५१		७००००००
	कुल जम्मा	**८२४६१२६४.१६**	**३८२८१८८९.२७**	**४६८००४१७.९३**

३. धरौटी आय

यस शीर्षक अन्तर्गत तोकिएका कार्यहरू गर्नका लागि विद्यार्थीहरूबाट क्याम्पसले धरौटीप्राप्त गर्ने शीर्षकहरू जस्तै : त्रि.वि./उ.मा.शि प..दर्ता तथा परीक्षा, प्रयोगशाला तथा पुस्तकालय धरौटी, त्रिवि सम्बन्धन, स्ववियु धरौटी र सेक्युरिटी डिपोजिट वापतको आम्दानी समावेश गरिएको छ । यस शीर्षक वापत प्राप्तहुने आम्दानी वास्तविक रुपमा क्याम्पसको आम्दानी नभए पनि क्याम्पसको माध्यमबाट सम्बन्धित क्षेत्रमा पुग्ने भएकाले मात्र यसलाई आम्दानीको शीर्षकमा राखिएको छ । यस शीर्षक अन्तर्गत यस वर्षरु. ६६,६५,९२५।-रकम प्राप्त हुने अनुमान गरिएको छ जुन कुल आम्दनी रकमको ४.६७% हुनेछ । यस शीर्षकको आम्दानी विवरण तालिका नं.४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४ : आ व २०७७/२०७८ को अनुमानित धरौटी आम्दानी

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ
आ.व. २०७७२०७८ को धरौटी तथा दायित्व तर्फको आम्दानी

सि.नं.	बिवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७२०७८ को अनुमानित
१	त्रि.वि./उ.मा.शि.प.दर्ता	५९८६००	५३४४५०	५६०५००
२	त्रि.वि./उ.मा.शि.प.परीक्षा	५००८७१५	४८५४२५५	३३५८८५०
३	पुस्तकालय धरौटी	९५१५००	९६३५००	९०००००
४	प्रयोगशाला धरौटी	१५४०००	१५८०००	१६५०००
५	स्वतन्त्र विद्यार्थी युनियन	३०७५००	२६६४००	३०१०००
६	अन्य विद्यार्थी धरौटी	१०३९४००	१०४८९००	१३२००००
८	त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा	१७७०७५		६०५७५
	जम्मा	**८२३६७९०**	**७८२५५०५**	**६६६५९२५**
९	सेक्युरिटी डिपोजिट	६०००००	०.०	०
	जम्मा	**६०००००**	**०**	**०**
	कुल जम्मा	**८८३६७९०**	**७८२५५०५**	**६६६५९२५**

ख) खर्चको प्रस्तुतितथा खर्चको व्याख्या

तालिका ५ :आ.व. २०७७०७८ को अनुमानित समष्टिगत खर्च विवरण

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

आ.व. ०७७०७८ को अनुमानित समष्टिगत व्यय विवरण

सि.नं.	विवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७२०७८ को अनुमानित	कैफियत
१	पूँजीगत खर्च	५२०५००००.००	१९८७३६२५.००	२५५०००००.००	१७.८३%
२	क्याम्पस कोष	४१२५००००.००	५८०२०००.००	७६६००००.००	५.३६%
३	सञ्चालन खर्च	८०७४७२३४.१६	६९७०१२८७.००	९६०७८९३४.९३	६७.१८%
४	धरौटी तथा दायित्व	१२७२४१७०.००	१६७६३५२२.२७	१३७७६८५८.००	९.६३%
जम्मा		१८६७७१४०४.१६	११२१४०४३४.२७	१४३०१५७९२.९३	१००%

माथि प्रस्तुत गरिको आम्दानीका शीर्षकहरूबाट प्राप्त हुने रकमलाई क्याम्पसको पुँजीगत विकास र विस्तार अन्तर्गत भवन निर्माण, यातायातका साधन खरिद, फर्निचर खरिद, निर्माण र व्यवस्थापन, पुस्तक, कार्यालय उपकरण, वैज्ञानिक तथा शैक्षिक उपकरणको व्यवस्था, पानी तथा विद्युत र पुस्तकालय स्तरिकरण, अन्य निर्माण, विविध सम्पत्ति खरिद तथाक्याम्पस कोष वृद्धिका लागि रकम विनियोजन गरिएको छ । त्यसैगरी क्याम्पसको सालबसाली हुने सञ्चालन खर्च अन्तर्गत प्राध्यापक तथा कर्मचारीको तलव भत्ता, कार्यालय सञ्चालन, आन्तरिक परीक्षा, वृत्ति विकास, क्याम्पस बसको सञ्चालन, रणनीतिक योजना तर्जुमा, सघन गुरु योजना (Comprehensive Master Plan)तयारी, तालिम, सेमिनार तथा गोष्ठी, क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण, अनुसन्धान क्षमताको विकास, प्रकासन, विज्ञापन तथा प्रचारप्रसार र दैनिक साधारण खर्चका लागि रकम विनियोजन गरिएको छ । यसका अतिरिक्तधरौटी तथा दायित्वको खर्च समावेश गरिएको छ । यि सबै शीर्षकहरूका लागि जम्मा खर्च रु. १४,३०,१५,७९२/९३ रकम विनियोजन गरिएको छ ।

१) पुँजीगत खर्च तथा कोष व्यवस्थापन

(क) पुँजीगत खर्च

यस शीर्षक अन्तर्गत क्याम्पसको भौतिक विकास तथा विस्तार, कार्यालय उपकरण, फर्निचर, शैक्षिक उपकरण, पुस्तक खरिद तथा अन्य विविध सम्पत्तिमा गरिने खर्चका रकमहरू विनियोजन गरिएको छ ।पुँजीगत खर्च अन्तर्गतका उप शीर्षक र विनियोजित रकम तालिका नं. ६ को क्रमसङ्ख्या१मा प्रस्तुत गरिएको छ ।

तालिका ६ : आ व २०७७/२०७८ को अनुमानित पुँजी तथा कोष व्यवस्थापन

सुकुना बहुमुखी क्याम्पस **सुन्दरहरैंचा, मोरङ**

आ.व. २०७७/०७८ पुँजीगत खर्च तथा कोषको विवरण

सि.नं.	बिवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७।२०७८ को अनुमानित
१	**पूँजीगत खर्च**	**५२०५००००**	**१९८७३६२५**	**२५५०००००**
	जग्गा खरिद	०	३८५००	३०००००
	भवन निर्माण	२२३०००००	११३२१७८५	१३९५००००
	छात्रावासको डि.पि.आर. तयारी	१०००००	०	०
	सवारी साधन	१५००००००	०	३००००००
	फर्निचर	३००००००	१८१४६७२	३६०००००
	कार्यालय उपकरण	२५५००००	२९१३१०	८५००००
	पुस्तक	१००००००	८३७५२९	१००००००
	पुस्तकालय स्तरीकरण	५०००००	०	२०००००
	Research Management Cell	५०००००	०	५०००००
	वैज्ञानिक तथा शैक्षिक उपकरण	२५०००००	२३८९८३३	५०००००
	पानी तथा विद्युत सामग्रि	२२०००००	२९९७९१३	५०००००
	अन्य निर्माण	२१०००००	०	९०००००
	विविध सम्पत्ति	३०००००	१८२०८३	२०००००
२	**क्याम्पस कोष**	**४१२५००००**	**५८०२०००**	**८६६००००**
	छात्रवृत्ति कोष	२००००००	८०२०००	२००००००
	सामान्य जगेडा कोष	२०००००००		
	उपदान कोष	५००००००		२८६००००
	ह्रासकट्टी कोष	६७५००००		
	दाताहरूबाट प्राप्त कोष			
	पूँजीगत सम्पत्ति कोष	१५०००००	५००००००	३८०००००
	धरौटी खाता	६००००००		
	कुल जम्मा	**९३३०००००**	**२५६७५६२५**	**३४१६००००**

१.१) भवन निर्माण .... **(जम्मा रु.२,३९,५०,०००/-)**

भवन निर्माणका लागि प्रदेश सरकारबाट प्राप्तहुने अपेक्षा गरिएको र क्याम्पसको आन्तरिक स्रोत समेत परिचालन गरी क्याम्पस परिसरभित्र प्राथमिक उपचार केन्द्रको भवन निमार्ण गर्न रु.३०,००,०००/-, संघीय सरकारको निर्वाचन क्षेत्र पूर्वाधार बिकास कोषबाट प्राप्त हुने अनुदानबाट अतिथि गृह निर्माणका लागि रु. ३५,००,०००।-,क्याम्पस स्रोत र विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादन अनुदानबाटनयाँ क्यान्टिन भवनको भुईंमा टायल लगाउने कार्य र विद्युत लाइन जडानका लागि रु. २,५०,०००।-, प्रशासनिक भवनको माथि उत्तर तर्फको हलमा सिलिङ लगाउने कार्य, प्लम्बिङ् तथा वायरिङ् गर्ने कार्यका लागि रु. १०,००,०००।-, शिक्षण भवनको माथिल्लो तलामा निर्माण सम्पन्न भइसकेको बी.बी.ए. कक्षाको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको निर्माण कार्यका लागि रु. १३,००,०००।-, विश्वविद्यालय अनुदान आयोगको कार्यसम्पादन अनुदानबाट प्रशासनिक भवनको पहिलो तलामा विभागीय कार्यालयहरू र सञ्चालक समितिको बैठक कक्ष निर्माणका लागि रु. ४,००,०००।-रकम विनियोजन गरिएको छ।

यसका साथै प्रशासनिक सुगमता, बिद्यार्थी तथा अभिभावकहरूको सुविधा र सेवा चुस्त दुरुस्त बनाउनका लागि प्रशासनिक भवनका फाँट तथा कक्षहरूलाई पूनर्संरचना गरी प्रशासनिक भवनको भूईंमा टायल लगाउने, पार्टेसन गर्ने, डेकोरेसन गर्ने कार्य समेतका लागि रु. ३५,००,०००।-रकम विनियोजन गरिएको छ। विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादन अनुदानबाट विज्ञान भवनको गत वर्षको बाँकी काम गर्न तथा रङरोगन गर्ने कार्यका लागि रु. १०,००,०००।- रकम विनियोजन गरिएको छ। यसरी भवन निर्माण शीर्षकमा जम्मा रु.२,३९,५०,०००/- रकम विनियोजन गरिएको छ। उक्त रकम कुल बजेटको १७८३% रहेको छ।

१.२) सवारी साधन .... **(जम्मा रु.३०,००,०००/-)**

यस शीर्षक अन्तर्गत क्याम्पस विद्यार्थीहरूलाई यातायात सुविधा उपलब्ध गराउने उद्देश्यका लागि सुन्दरहरैंचा नगरपालिका मार्फत वा अन्य दातृ निकाय मार्फत छिमेकी मित्रराष्ट्रका राजदुतावासमा प्रस्तावना पेशगरी प्राप्तहुने अनुदानबाट एक थान बस खरिद गर्न रु. ३०,००,०००/- रकम विनियोजन गरिएको छ।

१.३) फर्निचर ....**(जम्मा रु.३६,००,०००/-)**

यस शीर्षकअन्तर्गत बी. बी. ए. कक्षा, सेमिनार कक्ष, कार्यालय तथा प्रतिक्षालयमा फर्निचर व्यवस्थापन गर्नका लागि क्याम्पसको आफ्नो स्रोत र विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादन अनुदान रकमबाटरु. ३६,००,०००/- रकम विनियोजन गरिएको छ।

१.४) कार्यालय उपकरण ....**(जम्मा रु.८,५०,०००/-)**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादन अनुदानबाट थप सि.सि.टि.भि क्यामेरा जडान तथा व्यवस्थापनका लागि रु. ५०,०००/-, दुई थान फोटोकपी मेसिन खरिदका लागि रु. ३,००,०००/- र

प्रशासनिक भवनको प्रतिक्षालयमा टोकन लिने मेसिन र डिस्प्ले, टेलिभिजन खरिदका लागि रु. ५,००,०००।-रकम विनियोजन गरिएको छ।

१.५) पुस्तकालय, पुस्तक र RMC व्यवस्थापन ....**(जम्मा रु.१७,००,०००/-)**

यस शीर्षकअन्तर्गत पुस्तक तथा जर्नल खरिदका लागि विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादन अनुदान तर्फबाट रु. ५,००,०००/- र क्याम्पस स्रोतबाट रु. ५,००,०००/- गरी जम्मा रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ। यसका साथै विश्वविद्यालय अनुदान आयोगमा प्रस्तावना पेश गरी अनुसन्धान व्यवस्थापन एकाइ (RMC) कक्ष क्षमता स्तरीकरणका लागि रु. ५,००,०००।-, इ-लाइब्रेरीको सदस्यता एवम् व्यवस्थापन र तिनीहरूको प्रभावकारिताका लागि रु. २,००,०००/- रकम विनियोजन गरिएको छ। यसरी पुस्तक खरिद, पुस्तकालयस्तरीकरण, इ-लाइब्रेरीको सदस्यता एवम् RMC व्यवस्थापनका लागि रु. १७,००,०००/-रकम विनियोजन गरिएको छ।

१.६) वैज्ञानिक तथा शैक्षिक उपकरण ....**(जम्मा रु.५,००,०००/-)**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादन अनुदानबाटप्राध्यापकहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरी कार्यक्षमता अभिवृद्धि गर्न बाह्र थानमल्टिमेडिया प्रोजेक्टर खरिद गर्ने कार्यका लागि रु. ५,००,०००/- रकम विनियोजन गरिएको छ।

१.७) पानी तथा विद्युत व्यवस्था ....**(जम्मा रु.५,००,०००/-)**

यस शीर्षक अन्तर्गत विश्वविद्यालय अनुदान आयोगकोकार्य सम्पादन अनुदानबाट नयाँ जेनेरेटरदेखि क्याम्पसको बिद्युत मिटर सम्म Three Phaseलाइन वायरिङर अर्थिङका लागि रु. ५,००,०००।- रकम लाग्ने अनुमान गरिएको छ।

१.८) अन्य निर्माण ....**(जम्मा रु.९,००,०००/-)**

यस शीर्षक अन्तर्गत सुन्दरहरैंचा नगरपालिका वडा नं. १२ बाट प्राप्त हुने अनुदान परिचालन गरी मोटरसाइकल स्टैण्डको दक्षिण पूर्व तर्फको भागमा ब्लक इटा लगाउनका लागि रु.४,००,०००/-, नयाँ जेनेरेटर घर तथा क्यान्टिनको पूर्व तर्फ ट्रस तथा छानो निर्माण र प्रशासनिक भवनको अगाडिको Walking Path माथि ट्रस र छानो निर्माण गर्न रु. ५,००,०००।- रकम विनियोजन गरिएको छ।

१.९) विविध सम्पत्ति निर्माण ....**(जम्मा रु.२,००,०००/-)**

यस शीर्षक अन्तर्गत वविध सम्पत्ति निर्माण/खरिदका लागि रु.२,००,०००/- विनियोजन गरिएको छ। यसरी पुँजीगत खर्च तर्फ कुल बजेटको १७.८३% रकम विनियोजन गरिएको छ।

ख) क्याम्पसकोष... (जम्मा रु. ७६,६०,०००/-)

यस शीर्षकको विवरण माथि तालिका ६ खण्ड (२)मा उल्लेख गरिएको छ जसअन्तर्गतछात्रवृत्ति कोष, उपादान कोष र पुँजीगत सम्पत्ति कोषस्थापना गर्न रु.७६,६०,०००/- रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको ५.३६%प्रतिसत रहेको छ ।

ग) धरौटी खर्च तथा भुक्तानी गर्नुपर्ने दायित्व

यस शीर्षकअन्तर्गत त्रि.वि., उ.मा.शि.प. दर्ता, परीक्षा, पुस्तकालय तथा प्रयोगशाला धरौटी, स्ववियु, त्रि.वि. सम्बन्धन र विद्यार्थी कल्याण र त्रिवि/राष्ट्रिय परीक्ष बोर्ड प्रयोगात्मक परीक्षा धरौटी सहित जम्मा धरौटी रु. **६६,६५,९२५/-** र विभिन्न क्षेत्रका लागि भुक्तानी गनुपर्ने दायित्व रु. **७१,१०,९३३/-** गरी जम्मा धरौटी तथा दायित्व रु.**१,३७,७६,८५८/-** रकम खर्चहुने अनुमान गरिएको छ । यसको सम्पूर्ण विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

तालिका ७ : आ व २०७७/२०७८ को अनुमानित धरौटी खर्च तथा भुक्तानि दिनु पर्ने दायित्व

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

आ.व. २०७७०७८ को अनुमानित धरौटी तथा दायित्व तर्फको खर्च

सि.नं.	बिवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७२०७८ को अनुमानित
१	त्रि.वि./उ.मा.शि.प.दर्ता	५९८६००	७१४३००	५६०५००
२	त्रि.वि./उ.मा.शि.प.परीक्षा	५००८७१५	५२२३४०५	३३५८८५०
३	पुस्तकालय धरौटी	९५१५००	५१२७४५	९०००००
४	प्रयोगशाला धरौटी	१५४०००	९२०००	१६५०००
५	स्वतन्त्र विद्यार्थी युनियन	३०७५००	२०००००	३०१०००
६	अन्य विद्यार्थी धरौटी सम्बन्धन	१०३९४००	१०३११५०	१३२००००
७	त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा	१७७०७५		६०५७५
	जम्मा	**८२३६७९०**	**७७७३६००**	**६६६५९२५**
	भुक्तानी गर्नुपर्ने			
११	दिनुपर्ने तलबभत्ता	३९०००.००	२५६५५५१.००	२४२६१५२.००
१२	भुक्तानी गर्नुपर्ने घरबिदा/ बिरामी बिदा	८४३८३९.००	९०२०४५.००	०.००
१३	ले.प.शुल्क	५००००	५६५००	५६५००
	जम्मा	**९३२८३९**	**३५२४०९६**	**२४८२६५२**
१४	सेक्युरिटी डिपोजिट	८३१५५०.००	६६८५७९.००	६६८५७९.००
१७	आय तथा अन्य कर	१८६४८५६.००	८०५८६४.८	८०७०१४.००
१८	निर्माण/खरिद सम्बन्धी दायित्व	४२१७२६.००	५५७४०६.०	६६९२८३.००
१९	प्राध्यापक कर्मचारी कल्याणकोष		१९७०१८४.०	१९७०१८४.००

२०	अभ्यास शिक्षण/परीक्षा धरौटी	९०१३.००	१०४१६८.५०	१०४१६८.००
२१	अन्य दायित्व		९५०५७१.००	०.००
२३	बचत बुद्धिकोष र प्राध्यापक कोष	४२७३९६.००	४०९०५३.०	४०९०५३.००
	जम्मा	**३५५४५४१.००**	**५४६५८२६.२७**	**४६२८२८१.००**
	कुल जम्मा	**१२७२४१७०.००**	**१६७६३५२२.२७**	**१३७७६८५८.००**

ग) सञ्चालन खर्च

यस शीर्षकअन्तर्गत मुख्यगरी शिक्षण तलब, प्रशासनिक तलब, कार्यालय सञ्चालन खर्च, छात्रवृत्ति तथा विद्यार्थी कल्याण खर्च, शैक्षिक सामग्री, अभ्यास शिक्षण, खेलकुद, अनुसन्धान, उत्सव समारोह, वृत्ति विकास, अवलोकन भ्रमण, तालिम गोष्ठी, प्रकाशन खर्च र उपादान खर्चहरू समावेश गरिएको छ । यस शीर्षकमा हुने खर्चलाई तालिका नं. ८ को क्रमसङ्ख्या १ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ ।

तालिका ८ : आ.व. २०७७२०७८ को अनुमानित सञ्चालन खर्च

सुकुना बहुमुखी क्याम्पससुन्दरहरैंचा, मोरङ

आ.व. २०७७२०७८ को अनुमानित सञ्चालन खर्चको विवरण

सि.नं.	बिवरण	आ.व. २०७६।२०७७ को अनुमानित	आ.व. २०७६।२०७७ को वास्तविक	आ.व. २०७७।२०७८ को अनुमानित
१	**तलव शिक्षण**	**५०८४६९११**	**५१६७३७९७**	**५९९५३०३८**
	पूर्णकालीन	४९३५१७११	५१०७८५९७	५८३०३०३८
	अंशकालीन (बिहानी तथा दिवा सत्र)			
	संचयकोष थप			
	घर बिदा/ बिरामी बिदा	९०००००		१०५००००
	भत्ता प्रशासनिक	५९५२००	५९५२००	६०००००
२	**तलव प्रशासन**	**८७३०७५१.००**	**७९०२७९०.००**	**१०५०९९८९.००**
	पूर्णकालीन,दिवा/बिहानी सत्र सिफ्ट अन्तर, स्वीपर/मेहतर, सुरक्षा गार्ड	८११८७५१	७५४१७३४	८९९७९८९
	महंगी भत्ता			
	सञ्चयकोष थप		३४९०५६	
	घरबिदा / बिरामी बिदा	६०००००	०	१५०००००
	भत्ता प्रशासनिक	१२०००	१२०००	१२०००
३.१	**कार्यांलय सञ्चालन खर्च**	**७८४६०००**	**४६७५९३३**	**६२२६५००**
	परीक्षा संचालन	२२०००००	१५३८२४४	१५०००००
	Non credit course and Remedial Class	८०००००	१२०००	५०००००
	फूलबारी तथा सजावट	३०००००	०	१०००००

	विद्युत तथा पानी	२५००००	११६१०७	२५००००
	संचार	३०००००	१०३१००	३५००००
	मर्मत संभार	८०००००	९३१३६३	१३०००००
	औषधि उपचार	२५०००	२०४६०	२५०००
	यातायात खर्च	७०००००	६०००००	५०००००
	इन्धन	१५००००	३९९०८	१०००००
	विज्ञापन तथा प्रचार/डकुमेन्ट्री	७०००००	१७३७३९	३०००००
	बैङ्क चार्ज /व्याज भुक्तानी	१०००	११७५	१५००
	आर्थिक सहायता चन्दा/निर्माण सहयोग	२०००००	१३३०००	१०००००
	बैठक वापत यातायात खर्च	३०००००	२५९१००	३०००००
	पोशाक खर्च	१२००००	१२००००	१२००००
	सामाजिक सेवा कार्यक्रम	१०००००	९९५७०	१०००००
	मसलन्द	३५००००	२२२९६२	३५००००
	पत्रपत्रिका	५००००	१८४००	३००००
	भ्रमण खर्च	५०००००	२८६८०५	३०००००
	थप शै. का. तयारी/प्रस्तावना र SSR खर्च	६०००००	५५७९७५	२५०००००
	उत्सव तथा समारोह/विज्ञान प्रदर्शनी	२५००००	८५५८५	४०००००
	अतिथि सत्कार	३०००००	९८७७०	१०००००
	ओभरटाइम खर्च (कर्मचारी र शिक्षक)	१०००००	८५८२९	१०००००
	कार्यालय बिविध खर्च	१७७५७२.१६	१३७७३३	२१९४०७.९३
	छपाई	३०००००	१५१७९५	३०००००
	कर जरिवाना	०	५३८९७	०
	विद्यार्थी कल्याण खर्च	१७०००००	६९३५५०	१५०००००
	छात्रवृत्ति	१५०००००	२३४४२५.००	१५०००००
	शैक्षिक सामाग्री खर्च	५०००००	३८९३१३.००	५०००००
	अभ्यास शिक्षण	६०००००	२४४९८०	३०००००
	शोधकार्य	६०००००	२६५५५०.००	४०००००
	स्व वि यु निर्वाचन	४०००००	२१०४५.००	४०००००
	टाइवेल्ट तथा विद्यार्थी पोशाक/परिचयपत्र	२०००००	१०३७५०.००	२०००००
	खेलकुद	६०००००	३६९६९३.००	४०००००
	परिषद खर्च	३०००००	१२१५१५.००	३०००००
	अवलोकन भ्रमण	५०००००	३५०६००.००	५०००००
	वृत्ति विकास (एम फिल र पि एच डी)	१२०००००	१०००००.००	१५०००००
	लेखा परीक्षण(आन्तरिक, बाह्य र प्राज्ञिक)	६००००	७४५००.००	१४००००
	पुरस्कार	१५००००	२९८९१	१५००००
	उपदान खर्च	०	८८९०६०.००	३३०००००

	सूचना प्रणालीको व्यवस्थापन, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन (EMIS)	५००००	०.००	६००००
	सफ्टवेयर/E-Library सदस्यता नविकरण	५६०००	५६०००.००	२९००००
	मासिक शुल्क छुट (क्याम्पस प्रमुख)	१०००००	८५००५	१०००००
	स्वयत्तताका लागि तयारी, Tracer Study	०	०	६०००००
	क्याम्पस नवीकरण शुल्क	२०००००	०.००	१०००००
	क) अनुसन्धान खर्च	८५००००	०.००	१००००००
	ख) तालिम सेमिनार, गोष्ठी, अन्तर्क्रिया, अभिमुखीकरण तथा छलफल, रणनीतिक योजना तर्जुमा	७०००००	१३२२५५	१७०००००
४	**प्रकाशन खर्च**	**१३३००००**	**११६०५१**	**८३००००**
	अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन, प्रोस्पेक्टस, परिषद् प्रतिवेदन,सुकुना सन्देश	८०००००	११६०५१.००	३०००००
	जर्नल			
	क) अनुसन्धान व्यवस्थापन एकाइ	३०००००		३०००००
	ख) नेपाली बिभाग/व्यवस्थापन	२०००००		२०००००
	अन्य (सुकुना सौरभ)	३००००		३००००
	सि. नं. ३.२ र ४ को जम्मा	**१३३२३५७२.१६**	**५४४८७६७.००**	**१९३८९४०७.९३**
	कुल जम्मा	**८०७४७२३४.१६**	**६९७०१२८७.००**	**९६०७८९३४.९३**

१)शिक्षण तलब तथा तलब प्रशासन

शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन प्राध्यापक, कोर्सकरारका प्राध्यापक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन प्राध्यापकको पारिश्रमिक/तलब/भत्ता, पूर्णकालीन प्राध्यापकहरूको बिरामी बिदा तथा क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरूको घरबिदा, प्रशासनिक भत्ता, महङ्गी भत्ता, सञ्चयकोष रग्रेडखर्च आदिमा लाग्ने खर्च समावेश गरिएको छ । त्यसैगरी तलब प्रशासनअन्तर्गत सबै पूर्णकालीन कर्मचारीको तलब, भत्ता, ग्रेड, सञ्चय कोष, घर विदा तथा बिरामी बिदा, मङ्गी भत्ता, पोसाक खर्च, सिफ्टअन्तर भई कार्य गर्ने कर्मचारीको पारिश्रमिक, सुरक्षा गार्डको तलब, स्विपर मेतहरको पारिश्रमिक र फूलबारी गोडमेल गर्ने कामदारहरूको पारिश्रमिक भुक्तानि गर्नका लागि लाग्ने खर्चरकम विनियोजन गरिएको छ । यस शीर्षकको रकम विनियोजन गर्दा निम्न नीतिहरू अवलम्बन गरिएको छ ।

क) शिक्षण तलव

१.१) शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन प्राध्यापक, कोर्सकरारका प्राध्यापक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन प्राध्यापकहरू तथा पूर्णकालीन प्राध्यापकको अतिरिक्त कक्षा, सबै तहका सेमेष्टर कार्यक्रम तर्फ कार्यरत प्राध्यापकले खाइपाइ

साबिक तलवमानका आधारमा शिक्षण तलव तर्फ खर्चहुने जम्मा रु. ५,९९,५३,०३८/- रकम विनियोजन गरिएको छ ।

१.२) विश्वविद्यालय अनुदान आयोग र त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले विभिन्न समयमा दिएको सुझाव, प्राज्ञिक उन्नयन, वृत्ति विकास, देशका विभिन्न क्षेत्रका QAA प्राप्त क्याम्पसहरूले गरेको व्यवस्था समेतका आधारमा क्याम्पस नियमावली २०५४ को तेस्रो संशोधन २०७४, शिक्षक सेवा आयोग विनियम २०७२ लाई आधार मानी क्याम्पस सञ्चालक समिति र शिक्षक सेवा आयोगले नीति, मापदण्ड र कार्यविधि तयारगरी लागु गर्नेगरी देहायअनुसारको व्यवस्था गर्न लाग्ने रकम विनियोजन गरिएको छ ।

i) उपप्राध्यापकबाट सहप्राध्यापकमा बढुवा गरिने १२ जना ।

ii) कम्तिमा एक शैक्षिक सत्र अंशकालीन रुपमा अध्यापन गरी अविछिन्न सेवारत अंशकालीन प्राध्यापकहरूलाई मासिक रुपमा १२ (बाह्र) महिनासम्मको तोकिएको पारिश्रमिक भुक्तानी गरिने छ ।

iii) दुई घण्टीसम्म कोर्स करारमा कार्यरत प्राध्यापकहरूले अतिरिक्त कक्षा अध्यापन गर्नुपरेमा अतिरिक्त कक्षाका लागि १.२ (ii) अनुसारको पारिश्रमिक भुक्तानी गरिने छ ।

iv) अंशकालीन पिरियड बेसिस प्राध्यापकहरूका लागि प्रति १०० पूर्णाङ्क प्रतिघण्टीका लागि रु. ३४०/- का दरले पारिश्रमिक रकम भुक्तानी गरिने छ ।

v) पूर्णकालीन प्राध्यापकहरूले एउटै सिफ्टमा तोकिएको कार्यभारभन्दा बढि कक्षा अध्यापन गरेमा तोकिएको रकम भुक्तानी दिइने छ ।

vi) व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन प्राध्यापकहरूको कार्यभार गणना गर्दा सोहीसत्रको एम.बि.एस. कक्षा अध्यापन गरेमा ३ क्रेडिट आवरका लागि दैनिक ०.७५ घण्टी (साप्ताहिक ४.५ घण्टी) मानिने छ तर तोकिएको कार्यभार अन्यत्र नै पूरा भई उक्त कक्षा अध्यापन गरेमा सेमेष्टर प्रणालीमा अध्यापनगर्ने अन्य शिक्षक सरहको पारिश्रमिक दिइनेछ ।

vii) एउटै सत्रमा तोकीएको कार्यभार पूरा गरेका पूर्णकालीन प्राध्यापकहरूले वा बिहानी सत्रका दुई विषयसम्मका लागि कोर्स करारमा नियुक्त प्राध्यापकहरूले सिफ्टअन्तर हुनेगरी प्राध्यापन गरेमा + २ तहका लागि प्रति १०० पूर्णाङ्कको प्रति विषयका लागि प्रति महिना रु.५,९००।- र स्नातक तहका लागि प्रति १०० पूर्णाङ्कको प्रति विषयका लागि प्रति महिना रु. ६,३७५।- का दरले बाह्र (१२) महिनाको पारिश्रमिक भुक्तानी दिइनेछ ।

viii) बेलुकी सत्रका सहायक क्याम्पस प्रमुखको सोही सत्रको कार्यभार ६ (छ) क्रेडिट आवर हुनेछ र निजले अन्यसत्रमा अध्यापन गरेमा १.२ (vii) अनुसारको पारिश्रमिक भुक्तानी दिइने छ ।

ix) पूर्णकालीन प्राध्यापकहरूको एउटैसत्रमा तोकिएको कार्यभार नपुगभएमा सिफ्टअन्तरमा गई कार्यभार

पूरा गराइने छ ।

x) पूर्णकालीन अस्थायी वा स्थायी प्राध्यापकले तोकिएको कार्यभार पूरागर्न असमर्थ भएमा वा मञ्जुर नगरेमा वा तयार नभएमा वा कार्यभार पुऱ्याउन नसकिएमा त्यस्ता प्राध्यापकहरूका लागि खाइपाई आएको मासिक तलवभत्तामानलाई तोकिएको पूर्णकक्षाभार सङ्ख्याले भागगर्दा प्राप्तहुने भागफल बराबर प्रतिघण्टीका दरले पारिश्रमिक भुक्तानी दिइने छ ।

xi) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक, कार्यक्रम निर्देशक, विभागिय प्रमुख/विषय शिक्षण समितिका प्रमुख QAA फोकल पर्सन र आ.सि.टि. फोकल पर्सनको प्रशासनिक भत्ता साविकअनुसार हुनेछ ।

xii) दुई घण्टीका लागि कोर्स करारमा नियुक्त भएका प्राध्यापकहरूलाई अतिरिक्त कक्षा दिँदा त्यस्ता प्राध्यापकको कार्यसम्पादन मूल्याङ्कन, क्याम्पसको आश्यकता तथा औचित्य, सम्बन्धित प्राध्यापकले क्याम्पसलाईउपलब्ध गराउने समय, विषयविज्ञता र शिक्षणको प्रभावकारिताका आधारमा थप कक्षाभार दिन सकिने छ ।

xiii) माथिको बुँदा नं. १.१ वा १.२ को क्रमसङ्ख्या (i)देखि (xii) सम्ममा जुसुकै व्यवस्था गरिएको भएता पनि वा जुनसुकै कुरा लेखिएको भएता पनि सामान्यतया कुनै पनि शिक्षक वा प्राध्यापकहरूलाई एउटै सिफ्टमा चार (४) घण्टीभन्दा बढी वा ४०० पूर्णाङ्कभन्दा बढी कार्यभार दिइने छैन । तर कारणवस तत्काल अर्को जनशक्तिको व्यवस्था गर्न नसकिएमा वा तत्काल अर्को थप जनशक्तिको अभाव भएमा वहालमा रहेका विषय मिल्ने जुनसुकैप्रकृतिका शिक्षक वा प्राध्यापकलाई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि प्रति १०० पूर्णाङ्क प्रति पाँचौं विषयको लागि शिक्षण गरेको भएमा प्रति घण्टीरु.३४०।-का दरले पिरियड बेसिसमा पारिश्रमिक भुक्तानगरिने छ ।

xiv) अन्य जुनसुकै प्रकृति वा तह वा सङ्काय वा कक्षाका शिक्षक भएता पनि साविकमा तोकिएको आधारभूत पारिश्रमिकमा बुँदा नं. १.१ अनुसारले हिसाव गर्दा हुनआउने पारिश्रमिक भुक्तान गरिने छ ।

ख) प्रशासनिक तलव

१.३) प्रशासनिक तलबअन्तर्गत क्याम्पसमा कार्यरत पूर्णकालीन स्थायी, अस्थायी र अंशकालीन विभिन्न तह तथा सिफ्टका कर्मचारीहरू, सुरक्षा गार्ड, स्वीपर, मेतर र मालीको साविकमा खाइपाइ आएको तलव भत्ताका आधारमा हुन आउने रकम विनियोजन गरिएको छ ।

यसो गर्दा प्रशासनिक तलवभत्ता तर्फ खर्चहुने जम्मा रु. १,०५,०९,९८९/- रकम विनियोजन गरिएको छ ।

१.४) क्याम्पस सञ्चालक समिति र कर्मचारी सेवा आयोगले आवश्यक नीति, मापदण्ड र कार्यविधि तयारगरी लागू हुने गरी देहाय-अनुसारको व्यवस्था गरिएको छ ।

i) २०७७ फागुनदेखि लागुहुने गरी एकजनखरिदार सरहको रेसिप्सनिष्ट (Receiptionist) दरवन्दी थप गरी नियुक्त गर्ने ।

ii) २०७७ फागुनदेखि लागुहुने गरी कर्मचारी तर्फ एक जना शाखा अधिकृतको दरबन्दी थप गरी नियुक्त गर्ने ।

iii) पूर्णकालीन कर्मचारीहरूलाई साविकमा दिइँदै आएको पोशाक खर्चलाई यस पटक पनि निरन्तरता दिइएको छ र यसका लागि साविकको खर्च समावेश गरिएको छ ।

२) अन्य सञ्चालन खर्च

अन्य सञ्चालन खर्च अन्तर्गत माथि तालिका नं. ८ मा उल्लेख गरिएको कार्यालय सञ्चालन खर्चमा समावेश गरिएका उप शीर्षकहरू पर्दछन् । यी उप शीर्षकहरू मध्येस्पष्ट पार्नुपर्ने उप शीर्षकहरू यस प्रकार छन् ।

२.१) परीक्षा सञ्चालन अन्तर्गत क्याम्पसको वार्षिक कार्यपात्रोमा उल्लेख गरिएका समयमा, अध्ययनरत विद्यार्थीहरूको आन्तरिक तथा प्रयोगात्मक परीक्षाको व्यवस्थापन, सञ्चालन, नतिजा प्रकाशन र पृष्ठपोषणका लागि लाग्ने खर्च रकम समावेश गरिएको छ ।

२.२) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको प्राज्ञिक ज्ञानका अतिरिक्त व्यवहारिक ज्ञान तथा सीप विकासका लागि Non-credit Courseको तर्जुमा गरी विद्यार्थीहरूको समेत लागत सहभागितामा कार्यक्रम सञ्चालन, कार्यान्वयन र सो को प्रमाणिकरण गर्न लाग्ने खर्च समावेश गरिएकोछ । यसकासाथै सिकाइमा कमजोर विद्यार्थीहरूका लागि खास-खास विषयमा उपचारात्मक कक्षा (Remedial Clases) सञ्चालन गर्दा लाग्ने खर्च समावेश गरिएको छ ।

२.३) मर्मत संभार अन्तर्गत डेक्सबेञ्च, झ्यालढोका, इलेक्ट्रोनिक मेडिया, भवन तथा कार्यालयमा हुने टुटफुट खर्च, विश्वविद्यालय अनुदान आयोगको कार्यसम्पादन अनुदानबाट प्रशासनिक भवनको पश्चिमतर्फको सरसफाई गर्न लाग्ने खर्च रकम समेत समावेश गरिएको छ ।

२.४) यातायात खर्च अन्तर्गत विहानी सत्रका विद्यार्थीहरूका लागि पूर्वमा कानेपोखरी चोक र पश्चिममा इटहरी चोकबाट विद्यार्थीहरूलाई यातायात सुविधा पुऱ्याउने कार्यका लागि बसभाडा वापत खर्च विनियोजन गरिएको छ ।

२.५) विज्ञापन खर्च अन्तर्गत क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रचार-प्रसार, डकुमेन्ट्रि तथा विज्ञापनमा लाग्ने खर्च समावेश गरिएको छ ।

२.६) टाइ, बेल्ट तथा विद्यार्थी पोशाक खर्च अन्तर्गत टाइ, बेल्ट तथा विद्यार्थी परिचयपत्रको खर्च रकम समावेश गरिएको छ ।

२.७) सामाजिक सेवा अन्तर्गत क्याम्पसले सामाजिक सेवामा समेत योगदान पऱ्याउने कार्यका लागि क्याम्पसले त्यस्तो सामाजिक कार्य पहिचान गरी सहयोग पुऱ्याउन रकम विनियोजन गरिएकोछ ।

२.८) थप शैक्षिक कार्यक्रमको तयारी (जस्तैः बि.सि.ए., बि.एस.डब्लु), विभिन्न कार्यक्रमका लागि प्रस्तावना लेखन

तथा कार्यक्रमको तयारी,विश्वविद्यालय अनुदान आयोगमा पेश गरिने कागजात तथा प्रतिवेदनको तयारी तथा QAA नविकरणका लागिSSRReport को अन्तिम तयारीका लागि लाग्ने खर्च समावेश गरिएको छ ।

२.९) विद्यार्थी कल्याण कार्यक्रम अन्तर्गत क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लागि विगतमा निर्धारण गरिएको कोटा, मूल्याङ्कन प्रक्रिया र मापदण्डका आधारमा शुल्क सहुलियतका लागि रकम विनियोजन गरिएको छ ।

२.१०) छात्रवृत्ति शीर्षक अन्तर्गत दाताहरूले प्रदान गर्नुभएको अक्षय कोषको व्याज, दाताहरूबाट प्रदान गरिने अनुदान, विभिन्न सङ्घ/संस्थाहरू, विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट प्राप्तहुने छात्रवृत्ति कोष र क्याम्पस कोषबाट समेत सदा वर्ष झैँ शैक्षिक उपलब्धिमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूलाई प्रदान गर्ने छात्रवृत्ति रकम समावेश गरिएको छ ।

२.११) अभ्यास शिक्षण अन्तर्गत शिक्षाशास्त्र सङ्कायका विद्यार्थीहरूले गर्ने अभ्यास शिक्षण कार्यक्रमको खर्च समावेशगरिएको छ ।

२.१२) शेधकार्य अन्तर्गत स्नातक तथा स्नातकोत्तरतहका विद्यार्थीहरूले गर्ने शोधपत्र तथा प्रोजेक्टवर्क वापतको खर्च समावेश गरिएको छ ।

१.१३) अवलोकन भ्रमण अन्तर्गत क्याम्पस सञ्चालक समिति, लेखा समिति, पुनरावेदन समिति तथा क्याम्पस प्रशासनबाट प्रतिनिधिमूलक ढङ्गले विभिन्न उत्कृष्ट क्याम्पसहरूको अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम गर्दा लाग्ने खर्च, बिद्यार्थीहरूको शैक्षिक अवलोकन भ्रमणका लागि आवश्यक खर्च रकम विनयोजन गरिएको छ ।

१.१४) वृत्ति विकास उप शीर्षकअन्तर्गत यस क्याम्पसबाट सङ्कायगत रुपमा एम.फिल., पिएच. डि.गर्न जाने, प्राज्ञिक तथा प्राविधिक सभा सम्मेलन, तालिम, सेमिनार, प्रबोधिकरण, नवप्रवर्द्धन, विषेशज्ञता प्राप्तिका लागि प्रोत्साहन गर्न लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

२.१५) अनुसन्धान खर्चअन्तर्गत अनुसन्धान व्यवस्थापन एकाईले क्याम्पसका प्राध्यपक तथा कर्मचारीहरू मध्येबाट अनुसन्धान प्रस्तावनाको उत्कृष्टताको आधारमा प्रति लघुअनुसन्धान रु.४०,०००।- का दरले बढीमा ५ वटा सम्म लघु अनुसन्धान गराउने र वृहत (Rigorus) अनुसन्धानका लागि कम्तिमा एक (१) वटा अनुसन्धानका कार्य गर्न गराउनका लागि रु.१,५०,०००।- रकम विनियोजन गरिएको छ । यसका साथै स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू मध्ये विगत वर्ष सञ्चालक समितिले गरेको निर्णयअनुसार शोधपत्र तयार गर्ने विद्यार्थीहरू मध्ये उत्कृष्टताका आधारमा ५ जना छात्रा र ५ जना छात्रलाई प्रति शोधपत्र रु. १०,०००।- का दरले "शोधपत्र प्रोत्साहन" रकम विनियोजन गरिएको छ ।

२.१६) अनुसन्धान खर्च अन्तर्गत "लघु अनुसन्धान र वृहत अनुसन्धानका" लागि विशेषज्ञ सेवा र अनुसन्धान सहजिकरणका लागि लाग्ने रकम समावेश गरिएको छ ।

२.१७) क्याम्पसमा प्राध्यापन गर्ने प्राध्यापकहरूलाई अनुसन्धानमुलक लेखका लागि प्रोत्साहन गर्न रकम विनियोजन गरिएको छ । यसबाट अन्तर्राष्ट्रिय स्तरको अनुसन्धानमुलक जर्नलमा लेख प्रकाशन गर्नेचारजनाप्राध्यापकलाई प्रति लेख २५,०००।- र राष्ट्रिय स्तरको जर्नलमा लेख प्रकाशन गर्ने पाँच (५) जना प्राध्यापकलाई प्रति लेख रु.१०,०००।-का दरले "अनुसन्धानमुलक लेख प्रोत्साहन" रकम, क्याम्पसले प्रकाशन गर्ने जर्नलमा Research Articleप्रकाशन गर्ने बढीमा २५ जनालाई प्रति लेख रु. ३,०००।- का दरले प्रदान गर्ने रकम विनियोजन गरिएको छ ।

२.१८) तालिम/सेमिनार खर्च अन्तर्गत यस वर्ष हुने पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम, शोधपत्र अभिमुखीकरण कार्यक्रम, आईसीटी तालिम, स्नातक तहकालागि विषयगत अभिमुखीकरण, पुस्तकालय तथा सफ्टवेयर तालिम, बैङ्किङ तथा उद्यमशिलता तालिम,अनुसन्धान गोष्टि, पुनर्ताजगी तालिम र अन्य तालिम सञ्चालन गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

२.१९) जर्नल प्रकाशन शीर्षकअन्तर्गत क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइले प्रकाशन गर्ने Peer Reviewed जर्नल, व्यवस्थापन सङ्काय तथा नेपाली शिक्षण विभागबाट प्रकासन हुने जर्नलका लागि रकम विनियोजन गरिएको छ ।

२.२०) प्रकासन खर्च अन्तर्गत क्याम्पसले प्रकासन गर्ने अभ्यास शिक्षण पुस्तिका, शैक्षिक पात्रो (Academic Calender), सुकुना सन्देश नामको बुलेटिन, प्रोस्पेक्टस र वार्षिक प्रतिवेदन (Annual Progress Report) प्रकासन गर्दा लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

सुझावहरू :

क्याम्पसको वर्तमान संरचना, आर्थिक अवस्था र बढ्दो शैक्षिक कार्यक्रमका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१. नेपाल सरकार तथा त्रिविका वर्तमान ऐन, नियम र निर्देशिकाअनुसार क्याम्पसमा कार्यरत जनशक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागिता गराउन र सो योजना कार्यान्वयन गर्न पहलकदमी गर्नुपर्ने ।

२. क्याम्पसमा कार्यरत एउटै तहमा शिक्षकको तलव मानमा भएको असमानता न्यूनिकरण गर्न आवश्यक नीति बनाई कार्यान्वयन गर्नुपर्ने ।

३. क्याम्पसको दिगो विकासका लागि आम्दानीका वैकल्पिक स्रोतहरूको खोजीगरी त्यसको सुनिश्चिता कायम गर्नुपर्ने ।

४. वित्तिय अनुसासन, पारदर्शिताका र जवाफदेहिता कायम गर्न आर्थिक निर्देशिका तथा खर्च कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।

५. क्याम्पसको ख्याति, प्रभाव र आर्थिक अभिवृद्धिका लागि प्राविधिक, व्यवसायिक र सीपमूलक जनशक्तिको उत्पादन गर्न प्राविधिक प्रकृतिका नयाँ विषयहरूको सम्वन्धन लिई सञ्चालन गर्नुपर्ने ।

६. यस क्याम्पसको पूर्व विद्यार्थी सङ्गठनलाई प्रभावकारी बनाई क्याम्पसको विकासमा उनीहरूलाई सहभागी गराउनु पर्ने ।

७. यस क्याम्पसलाई प्रदेश नं. १ को उत्तम र सफल क्याम्पस बनाई प्रादेशिक विश्वविद्यालयको केन्द्रविन्दु बनाउन सर्वपक्षिय पहलकदमि गर्नुपर्ने ।

अन्त्यमा प्रस्तुत बजेट तयार गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दे आगामि दिनमा पनि अझै सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछु । प्रस्तुत बजेटलाई गहन छलफल र विश्लेषण गर्दै पारित गरिदिनु हुन सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

प्रस्तोता
चन्द्रमणि राई

संयोजक

बजेट मस्यौदा समिति २०७७
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा, मोरङ

बजेटका आवश्यक थप विवरणहरूअनुसूची १ देखि ६ सम्ममा समावेश गरिएका छन् ।